मिति : नेपाल संवत् ११४४ चिला ५ ।

तिथि : नेपाल संवत् ११४४ सिलाथ्व द्वादशी ।

च.नं. : REQ-३-४४

प.सं. : २

श्री आदिवासी जनजाती आयोग, यल (ललितपुर) ।

विषय : नेवाः जाति अन्तर्गत पर्ने जुगि उप-जातिको परम्परागत आवासमा स्वामित्वको हकका सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा हामी हलिं नेवाः दबू, विश्व नेवाः संगठन **(World Newah Organization)** नेपालको नेपाल मण्डलका आदिवासी र हाल विश्वमा छरेर बसेका नेवाःहरूको १५ देशहरूमा फैलिएको एक अन्तर्राष्ट्रिय संगठन हो ।

यल (ललितपुर) महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीले आदिवासी जनजाती आयोगमा दर्ता गराएको निवेदन **(दर्ता नं :- ६८, दर्ता मिति :- २०८०/०८/१९)** हामीलाई प्राप्त भई अध्ययन गर्ने मौका पायौँ । सोही विषयमा यस विश्व नेवाः संगठनको ध्यानाकर्षण भएको छ ।

नेपालमा १०० भन्दा बढी जातजातिको अस्तित्व रहेझैँ नेवाः जाति भित्र पनि ६४ भन्दा बढी जातजाति समुदायको अस्तित्व रहेको पाइन्छ । तिनै समुदायहरू मध्ये कपाली, दर्शनधारी, कुश्ले थर भएका जुगि समुदाय नेवाः जातिको एक अभिन्न तथा पृथक उप-जाति वा समुदाय हो ।

नेवाः जाति अन्तर्गतका यस जुगि जाति परापूर्वकाल देखि सतःछेँ नामक संरचनामा बसोबास गर्दैआइरहेको एक ऐतिहासिक तथ्य हो । नेवाः सांस्कृतिक जीवनसँग परिचित अग्रज व्यक्तिहरूका निम्ति यो एउटा सामान्य तथा सर्वमान्य तथ्य हो ।

सरल ढङ्गले बुझ्नुपर्दा तल्लो तल्ला वा भुइँ तल्ला हेर्दा पाटीपौवा जस्तै खुल्ला रहने तथापि तिनको माथिल्लो तल्लाहरूमा आवसीय घर रहने संरचना नै सतःछेँ हो । सतःछेँहरू त्यसैले न्यूनतम दुई तल्ला देखि बहुतल्ले हुन्छन् ।

राज्यले सतःछेँहरूलाई समेत पाटीपौवाको नामाङ्कन तथा वर्गिकरण गर्दा प्रचलित कानून बमोजिम सार्वजनिक सम्पत्तिको दायरामा पर्न गएको छ । यसरी परापूर्वकाल देखि जुगि समुदायको बसोबास भएका सतःछेँहरू पाटीपौवाका नामले सरकारी कागजातमा दायर हुँदा स्वतः जुगि समुदायलाई अधिकारविहीन अवस्थामा धकेलिदिएको छ ।

यति मात्र नभएर उनीहरूलाई सार्वजनिक सम्पत्ति मिचेको वा सरकारी जग्गामा बसेको समेत आरोप लाग्ने गरेको पाइयो । अझ प्रचलित कानून बमोजिम सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गरेको कसूरमा अपराधिकरण समेतको जोखिममा यो समुदाय रहेको छ ।

लिच्छवीकाल देखि त्यस्तै संरचनाहरूमा बसोबास गर्दै आइरहेको समुदायले वर्तमान सरकारबाट उक्त सम्पत्ति मिच्न सक्ने अवस्था हुँदैन । बरू वर्तमान राज्यले भने जुगि समुदायको घर आवासलाई मिच्न थालेको हो ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीले "नेवार" नामबाट नेवाः जातिलाई आदिवासी जातिका रूपमा सूचिकृत गरेको छ ।

आदिवासी जनजातीहरूको अधिकारका सन्दर्भमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) एउटा अन्तर्राष्ट्रिय कानूनी दस्तावेज हो । यसको धारा २६ (१) ले आदिवासीहरूलाई परम्परागत रूपले आफ्नो स्वामित्वमा रहेको, आफूले ओगटेको वा भोगचलन गर्दै आइरहेको वा प्राप्त गरेको भूमि, क्षेत्र तथा स्रोतसाधानमा अधिकार हुने उल्लेख छ । त्यसै गरी २६ (२) मा परम्परागत स्वामित्व वा अन्य परम्परागत पेशा वा प्रयोग साथै आफूले प्राप्त गरेको कारणले आफ्नो कब्जामा रहेका भूमि, क्षेत्र तथा स्रोतसाधानको स्वामित्व पाउने, प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रणमा लिने अधिकार हुने उल्लेख छ । साथै २६ (३) मा राज्यले यस्ता भूमि, क्षेत्र तथा स्रोतसाधनलाई कानूनी मान्यता तथा संरक्षण दिनुपर्ने पनि उल्लेख छ ।

आदिवासी जनजाती सम्बन्धी यही अन्तर्राष्ट्रिय कानूनले जुगि समुदायलाई आफ्नो बसोबास रहेको सतःछेँमा स्वामित्व तथा भोगचलनको अधिकार दिलाएको छ ।

निज रुक्शना कपालीले यस आयोगमा दर्ता गराएको निवेदन (दर्ता नं :- ६८, दर्ता मिति :- २०८०/०८/१९) मा माग बमोजिम जुगि समुदायको आफ्नो बसोबास रहिआएका सतःछेँहरूमा उनीहरूको स्वामित्वको अधिकार सुनुश्चित हुने गरी नेपाल सरकारलाई सिफारिस तथा सुझाव दिनहुन यस विश्व नेवाः संगठनबाट सिफारिस साथ अनुरोध छ ।

संयुक्त श्रेष्ठ
अध्यक्ष
विश्व नेवाः संगठन